***समुन्नत मदाने, सम्मानित मदानेवासी*** भन्ने मुल नाराका साथ सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**(ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि)**

विश्वव्यापी रुपमा देखिएको आर्थिक मन्दीको कारणबाट समग्र विश्व अर्थतन्त्र नै शिथिल अवस्थामा पुगेको सन्दर्भमा नेपालको अर्थतन्त्र समेत प्रभावित भई संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ। आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन। उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन्। यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ। यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ।

**सभाका सदस्यज्यूहरु,**

**अब म विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती प्रस्तुत गर्दछु।**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु।

५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को मापदण्ड अबलम्बन नगरी गरिने अत्याधिक दोहन रोक्नु।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजना अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ।

सोह्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई स्वीकृत गरी प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्दै छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ। यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ।

**सभाका सदस्यज्यूहरु,**

**अब म चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि प्रस्तुत गर्न चाहन्छु।**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस गाउँपालिकामा हालसम्म ४९ किमि ग्राभेल सडक, करिब ३४५ किमि धुले वा कच्ची सडक रहेकोछ। आरिसिसी सडक १५०० मिटर रहेको छ। गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ। गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएकोछ।

**सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा गरी करिब १३२० हेक्टर जमिनमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ। जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको १५ शैय्याको अस्पताल निर्माण भईरहेको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ। शैक्षिक गुणस्तर सुधार गर्नका लागि शैक्षिक पूर्वाधार तथा शिक्षामा लगानी बढाई कार्यहरु गरिएको छ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण तथा विभिन्न खेलकुदका कार्यक्रमहरु भएका छन।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

हालसम्म गाउँपालिकामा करिब ५० किमि कृषि सडक निर्माण भएको छ। ७ वटा तरकारी संकलन केन्द्र, २ स्थानमा कृषि हाटबजार, २ वटा कोल्डच्याम्बर र ४ वटा आलुस्टोरको निर्माण भै सञ्चालनमा रहेका छन। कृषि सहकारी संस्थालाइ ब्यवसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ। गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ। दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी गरिनेछ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले १० वटा ऐन, ४ नियमावली,६४ कार्यविधि, र ५ मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९६.५% अंक प्राप्त गरेको छ। त्यस्तै वित्तीय सुशासन जोखिम मुल्याङ्कन (FRA) मा ९८% अंक प्राप्त गरेको छ।

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ। कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएको छ।

**अब आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाका सदस्यज्यूहरु,

अब म आ.व.२०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**१. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिनेछ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र वजेट विनियोजन गर्ने निति लिईनेछ।

२. प्रशासकीय भवन र १५ शैयाको अस्पताल भवनलाई आगामी वर्ष सम्पन्न गर्ने गरी वजेटको व्यवस्था मिलाईनेछ।

३. एकीकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघिय सरकार, प्रदेश सरकार र साझेदारहरुसंगको सहकार्यलाइ निरन्तरता दिईनेछ।

४. गाउँपालिकाको विकासमा रुपान्त्रणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाका गौरव आयोजनाका रुपमा कार्यन्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिईने छैन।

५. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिईनेछ।

६. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरि सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

७. गाउँपालिकाको स्वामित्वमा रहेका भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

८. “एक वडा-एक पार्क” निर्माण नीति अवलम्बन गरी हरेक वडामा पार्कहरुको निर्माण क्रमश गर्दै लगिनेछ।

९. सबै वडाका केन्द्रबाट गाउँपालिका केन्द्र जोड्ने सडक बाह्रै महिना संचालन हुनेगरी स्तरोन्नति गरिने निति लिईनेछ।

१०. गाउँपालिका भित्र मोटरबाटो मर्मत सम्भार गर्दा अनिवार्यरुपमा कम्तिमा २०० मि कच्ची नाली सहित निर्माण गर्ने गरी व्यवस्था मिलाईनेछ।

११. गाउँपालिकामा निर्माण हुने हरेक पूर्वाधारहरु लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री हुने गरी निर्माण गरिनेछ।

१२. गाउँपालिकामा अत्यावश्यक बाहेक नया ट्र्याक निर्माण गरिने छैन। गाउँपालिका भित्र रहेका निर्माण सामग्रीहरुको उच्चतम प्रयोग गर्ने गरी विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३. गाउँपालिका भित्र निर्माण हुने योजनाहरुको गुणस्तर कायम गर्नका लागि अनुगम कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।

१४. भूक्षय भएको क्षेत्रलाई पहिचान गरी उक्त क्षेत्रलाई बचाउनका लागि Bio-Engineering कार्य अगाडि बढाईनेछ।

१५. हरेक वडामा रहेका खानेपानी योजनालाई वडामा र गाउँपालिकामा अभिलेखीकरण गरी एक घर एक धाराको नीति लिई शुद्ध र सफा खानेपानी सम्पन्न वडा घोषणा गर्नका लागि नीति लिईनेछ।

१६. पालिकाभित्र रहेका ऐतिहासिक पुरातात्विक धार्मिक मठ मन्दिरको महत्त्व पहिचान गरी आवस्यकताको आधारमा धार्मिक पर्यटनको लागि बजेट विनियोजन गरिनेछ तर विभिन्न जात जातिका कुल मन्दिरहरुलाई बजेट विनियोजन नगरिने नीति लिईनेछ।

१७. खोला तथा नदिजन्य छेउछाउ रहेको खेतीयोग्य जमिन तथा वस्तीको पहिचान गरी आवश्यक तटबन्ध निर्माण गर्न नीति लिईनेछ।

१८. अत्यावश्यक बाहेकका ट्रस निर्माणको लागि बजेट विनियोजन गरिने छैन।

१९. संघ सरकार र प्रदेश सरकारसँगको समन्वयमा मदाने गाउँपालिकाको क्षेत्रमा निर्माणाधिन सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक, मदन भण्डारी राजमार्ग र गाउँपालिका पहुँच मार्गलाई स्तरोन्नती गरी कालोपत्रे गर्ने कार्यलाई आगामी आ.व.मा सम्पन्न गर्न पहल गरिनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरणसम्म) मा गाउँपालिका, निजीक्षेत्र र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन।

२.२ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ। यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन्।

### क. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. आर्थिक समृद्धि र रोजगारीको प्रमुख आधार कृषिको व्यवसायिकरण र कृषि पशुको आधुनिकीकरणका लागि कृषकको उत्पादन र उत्पादकत्व बृद्धि मार्फत गरिबी घटाउन र कृषकहरुको आयस्तरमा बृद्धि गर्न कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२. मदाने गाउँपालिकाले लिएको एक वडा दुई उत्पादनको नीतिलाई निरन्तरता दिइनेछ। मदाने गाउँपालिकाका वडा नं. १ मा कोदो र आलु, वडा नं. २ मा दुध र किवी, वडा नं. ३ मा कफि र वाख्रा, वडा नं. ४ मा किवि र मौरी, वडा नं. ५ मा वाख्रा र आलु, वडा नं. ६ मा सुन्तला र मकै विउ उत्पादन र वडा नं. ७ मा सुन्तला र आलुको पकेट विकास गरी एक वडा २ उत्पादनलाई वढवा दिईनेछ।

३. कृषि र उधमशिलता आर्थिक समृर्दिमा अग्रसरता का लागि राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुधारमा टेवा पुर्याउने बाली र बस्तुको साना व्यबसायिक उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन गरिनेछ।

४. कृषिमा आधारित उत्पादनको वजार व्यवस्थापन गर्न कृषि हाट बजार संचालनको लागि कृषक समूह, सहकारी, कृषि फर्म र वजार समितीसँग साझेदारी गरी कृषि उपज सामाग्री बिक्रीको लागि आबश्यक सहयोग गर्ने नीति अबलम्वन गरिनेछ।

५. गरिवीको रेखामुनी रहेका कृषकहरुको जीवनस्तर माथी लैजान कृषि तथा पशु उत्पादनको विविधिकरण प्रशोधन मुल्य अभिवृद्धि र बजारिकरणसँगै उद्यमशीलता व्यवसायिकता, क्षमता र प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु संञ्चालन गरिनेछ।

६. कृषि उत्पादनको व्यवसायीकरण र बजारीकरणलाई प्रोत्साहन हुने गरि उत्पादनमा आधारित अनुदानलाई प्रभाबकारी गराउन उत्पादनलाई बजारसम्म पुऱ्याउन अनुदान उपलब्ध गराइनेछ।

७. कृषि प्राविधिक धारका मा वि लाई कृषि प्राविधिक जनशक्ति उत्पादन गर्न र कृषि कार्यक्रम संचालन गर्नको लागि प्रोत्साहन हुने खालका कार्यक्रम संचालन गरिनेछ।

८. एक वडा एक कृषि सहकारी मार्फत अनुदानको रासायनिक मलखाद विक्री वितरण र कृषि कार्यक्रम सन्चालन गरिनेछ।

९. तरकारी तथा फलफुल करेशावारी कार्यक्रमको लागि ***"एक घर दुई फलफूलका विरुवा"*** र तरकारी मिनिकीट निशुल्क वितरणको कार्यक्रम संचालन गरिनेछ। साथै बोधिचित्त र चिया खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

१०. मदाने गाउँपालिकाभित्रका सम्पूर्ण वडाहरुको माटो परीक्षण गर्नका लागि शिविर सञ्चालन गरी माटो अनुसार उपयुक्त बाली लगाउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ। बाँझो बारीमा खेती गर्न कृषकलाई प्रोत्साहन गरिनेछ।

११. **करेसावारी तथा मौरीपालन** कार्यक्रम सञ्चालन गरी करेसावारी बनाउन र मौरीपालन गर्नमा प्रोत्साहन गरिनेछ। तरकारी उत्पादनको लागि व्यवसायिक करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ।

१२. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। कोदो खेती प्रवर्द्धन गर्दै कृषकहरुको उत्पादनलाई आयआर्जनसँग जोडिनेछ।

१३. निर्वाहमुखी रहेको पशुपालनलाई ब्यावसायीकरण गर्न आधुनिक प्रविधि मार्फत गाँउपालिकामा भएका पशुपन्छी तथा मत्स्यपालक कृषक समूह तथा सहकारीलाई ब्यवसायिक तालिम प्रदान गरिनेछ।

१४. पशुजन्य उत्पादन बृद्धि गर्न कृत्रिम गर्भाधान मार्फत पशु नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ।

१५. पशुपन्छीमा लाग्ने माहामारी रोग बिरुद्ध रोकथामका लागि खोपको ब्यवस्था गरिनेछ।

१६. गाँउपालिकाभित्र रहेका प्राकृतिक जलासाय र पोखरीहरुलाई संरक्षण गर्दै ब्यावसायिक माछापालन कार्यक्रम संचालन गर्न समूह सहकारी फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराइ गाँउपलिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउँदै लगिनेछ। साथै गाउँपालिकाको अनुदानमा सञ्चालन गरिएको ट्राउट माछा उत्पादन सफल भएमा यसमा लगानी वृद्धि गरिनेछ।

१७. पशुजन्य उत्पादन बृद्धि गर्नका लागि पशु आहारा कार्यक्रम संचालन गर्न गाँउपालिका भित्रका पशुपन्छी तथा मत्स्य पालक कृषकलाई निशुल्क रुपमा घाँसको बिउ बिरुवा उपलब्ध गराईनेछ।

१८. मदाने गाँउपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन व्यवसायिक पशुपन्छी पालक कृषकलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ।

१९. पशुपालन व्यवसायलाई थप व्यवस्थित र व्यवसायिक गर्न पशु तथ्याङ्क संकलन कार्यक्रम संचालन ल्याईनेछ।

२०. पशुपन्छीमा देखिने आकस्मिक रोग नियन्त्रण न्यूनिकरण गर्न नियमित औषधी वितरण र पशु स्वास्थ्य शिविर जस्ता कार्यक्रम संचालन गरिनेछ।

२१. किसानले उत्पादन गरेका उत्पादित बस्तुलाई समूह/सहकारी मार्फत खरिद बिक्रि गर्न सकिने ब्यवस्था मिलाईनेछ। साथै बजारिकरणका लागि आवश्यक सहयोग एवं प्रवन्ध गरिनेछ।

२२. कृषि शिक्षा हासिल गरेका विद्यार्थीलाई ब्यवसायिक खेती गर्न प्रोत्साहन गरिनेछ। शिक्षित बेरोजगार यूवाहरुलाई कृषि पेशामा आकर्षित गर्न कृषि व्यवसाय स्थापना तथा संचालन तालिमको ब्यवस्था गरिनेछ।

२३. कृषि तथा पशु सेवा शाखामा प्रयोगशालाको स्थापना तथा संचालन गरिनेछ।

२४. पशु सेवा केन्द्र स्थापना गरि कृषकलाई थप सेवा सुविधा गराईनेछ।

२५. दुध तथा दुग्ध पदार्थको लागि मदाने गाँउपालिकामा संचालन भएका संकलन केन्द्रलाई ब्यबस्थित गर्दै नयाँ दुध तथा दुग्ध संकलन केन्द्र स्थापन गर्दै लैजाने नीति लिईनेछ। उत्पादित दुधको बजारीकरण गर्न ठूला डेरी उद्योगहरुसंग समन्वय तथा साझेदारी गर्ने नीति लिईनेछ।

२६. वन्यजन्तु नियन्त्रण गर्न "वन्यजन्तु नियन्त्रण कार्यक्रम" सञ्चालन गरिनेछ।

२७. उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ र गुणस्तर प्रमाणित मासु तथा मासुजन्य पदार्थहरु सरल, सुलभ र प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउन मासु पसल सुधार गरिनेछ।

२८. घरपालुवा तथा भुसिया कुकुर र बिरालोहरुलाई रेबिज विरुद्धको खोप सञ्चालन गरिनेछ। कुकुरहरुलाई बन्ध्याकरण गरी नियन्त्रण गरिनेछ।

२९. कृषि उपजको आयात प्रतिस्थापनको लागि कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ। मल, बिउ, कृषि औजार उपकरण तथा टयाक्टर एवं आधुनिक प्रविधिका यन्त्र उपकरण खरिदमा अनुदान रकम उपलब्ध गराईनेछ।

३०. स्थानीय रैथाने गाई तथा गोरु संरक्षण गर्न कृषकलाई प्रोत्साहन गरिनेछ।

३१. मदाने गाउँपालिकामा संघीय सरकारको सहकार्यमा मौरीपालन पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै किवी पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ।

३२. प्लाष्टिकजन्य मालाहरुलाई निरुत्साहित गर्दै पुष्पखेतिलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

३३. मदाने गाउँपालिका भित्रका खोलाहरुमा अनाधिकृत रुपमा विषादी तथा करेन्टको प्रयोग गरी माछा मार्ने कार्यलाई नेपाल प्रहरीसँगको सहकार्यमा नियन्त्रण तथा निरुत्साहित गरिनेछ।

**ख. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. औधोगिकग्राम पूर्वाधार निर्माण कार्यलाई संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्य एवं साझेदारी अवधारणामा सञ्चालन गरिनेछ। औद्योगिक ग्राममा उद्योग एवं व्यवसाय स्थापनाका लागि विशेष प्रोत्साहन गरिने नीति बनाई लागू गरिनेछ।

२. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रवर्द्धनका लागि पर्यटन विकास तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. आगामी आ.व. देखी मदाने गाउँपालिका वडा नं. ७ मा रहेको रोल्मा तिखेचुली पर्यटकीय स्थलमा जिपलाइन तथा साइकिलिङ्ग सञ्चालनमा ल्याई साहसिक पर्यटन प्रवर्द्धन गरिनेछ। साथै मदाने गाउँपालिका वडा नं. ६ कंकेदेउराली देखि मदाने गाउँपालिका वडा नं. ७ रोल्मा तिखेचुली पर्यटकीय स्थलसम्म जिपलाइन निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग माग गरिनेछ।

४. गाउँपालिकाको महत्वपूर्ण पर्यटकीय स्थलहरुको रुपमा रहेका अस्कुना, रोल्मा तिखाचुली, कङ्केदेउराली, ऐतिहासिक पुर्कोट कोट, टोप्रे गुफा, मदाने लेक, सिर्सेनी कोटलाई जोडी पर्यटकीय करिडोरको रुपमा विकसित गरिनेछ।

५. मदाने मालिका तथा टोप्रे गुफालाई धार्मिक वनको रुपमा विकसित गरिनेछ।

६. कंकेदेउरालीमा पर्यटन महोत्सव आयोजना गरी यस क्षेत्रको पर्यटन प्रर्वद्धनमा जोड दिइनेछ।

७. लघु उद्मम विकास कार्यक्रम मेडपालाई प्रभावकारी रुपमा संचालन गर्नको लागि एक वडा एक उद्ममको रुपमा कार्यक्रम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

८. स्थानिय श्रम, सिप र क्षमतामा आधारित आरन, सिलाई कटाई, डोको, डालो बुन्ने, ठेका कुदने आदि परम्परागत पेशाहरुको आधुनिकरण गरी व्यावसायिक बनाइनेछ।

९. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

१०. मुख्य चोक, गाउँपालिका प्रवेशद्वार र पर्यटकीय स्थलहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले/विलवोर्ड राख्दै लगिनेछ।

११. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण गरिनेछ।

१२. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

१३. वेरोजगार अन्त्य गर्न युवालाई उद्यमशिलता, व्यवसायिक तथा सिपमुलक तालिमको व्यवस्था गरिनेछ साथै नवप्रवर्तनको क्षेत्रमा काम गर्ने युवाहरुद्धारा संचालन गरिएका उद्मम व्यवसायलाई प्रोत्साहन गरिनेछ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

४. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कार्यान्वयन गरिनेछ।

५. सहकारीहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु संचालन गरिनेछ।

**घ. रोजगार सम्बन्धी नीति तथा कार्यक्रम**

१. रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरि न्यूनतम रोजगारीको प्रत्याभूति गराइनेछ।

२. वैदेशिक रोजगारी वाट फर्केका/जान चाहाने महिला तथा पुरुषको लागी सिपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

३. रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी व्यवस्थित र प्रभावकारी बनाइनेछ।

४. मदाने गाउँपालिकाको रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

५. वैदेशिक रोजगारीमा जानेहरुका लागि आवश्यक पर्ने श्रम स्वीकृतिको व्यवस्थालाई प्रभावकारी बनाई थप व्यवस्थित बनाइनेछ।

**३. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**सभाका सदस्यूज्यहरु,**

**अब म सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

**क. शिक्षा**

१. समग्र शिक्षा क्षेत्रमा समस्या समाधान गर्नका लागि शैक्षिक गुणस्तर सुधार समिति निर्माण गरी सोबाट प्राप्त राय सुझावहरुलाई क्रमश कार्यान्वयन गरी शिक्षाको गुणस्तर बृद्धिमा जोड दिइनेछ।

२. शिक्षासँग सिप कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ।

३. गाउँपालिकाका वरिष्ठतम् शिक्षकलाई परिचालन गरी विज्ञ समूह निर्माण गरी कक्षा अवलोकन तथा पृष्ठपोषण मार्फत शिक्षक तथा विद्यार्थीको हालको अवस्थामा सुधार गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

४. आवासीय विद्यालय स्थापनामा जोड दिदै आवासीय सुविधा सहित सडक बालवालिका, टुहुरा, असहाय, चरम गरिबीबाट पिल्सीएका बालबालिकाहरुलई विद्यालयमा वस्ने वातावरण निर्माणको सुरुवातको लागि आवश्यक वजेतको व्यवस्था गरिनेछ।

५. सबै सामुदायिक विद्यालयमा पिटी कार्यक्रममा एक रुपमा कायम गर्नको लागि वाँकी रहेका विद्यालयहरुमा उक्त कार्यक्रम संचालनको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ।

६. विद्यार्थीसंग विज्ञ कार्यक्रम सञ्चालन गरिनेछ। जसवाट विज्ञ शिक्षकहरुबाट नमूना कक्षा शिक्षण हुनेछ।

७. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

८. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

९. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

१०. "BIG SCHOOL" को अवधारणा बमोजिम सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरी भुगोल र विद्यार्थी संख्यालाई आधार मानी दरबन्दी मिलान गरिनेछ।

११. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान, गणित र कम्प्युटर प्रयोगशाला स्थापना गर्दै लगिनेछ।

१२. गाउँपालिका भित्रका विद्यार्थीहरुको पढाईको अवस्थाबारे बुझ्न तथा अभिभावकसँग सोही विषयमा प्रत्यक्ष अन्तरक्रिया गर्न कक्षा शिक्षक तथा शिक्षकहरु मार्फत Home visit को व्यवस्था मिलाइनेछ।

१३. विद्यालय परिसरलाई संवेदनसिल क्षेत्र र शान्ति क्षेत्र घोषणा गरी विद्यालय क्षेत्र वरपर सुर्तिजन्य तथा मादकपदार्थको प्रयोगलाई निरुत्साहित गर्न सरोकारवाला सबैलाई जिम्मेवार बनाइनेछ। साथै कुनै पनि बहानामा विद्यालय बन्द गरिनेछैन।

१४. शिक्षकहरुलाई आफ्नो कार्यसम्पादनमा प्रभावकारीता ल्याउन सिकाई सहजीकरण क्रियाकलापलाई थप प्रभावकारी बनाउन शिक्षक पेशागत विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१५. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रोको व्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अभिभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

१६. विद्यालय खुलेको दिन गाउँपालिकामा सबैभन्दा बढी उपस्थित हुने शिक्षक,कर्मचारी तथा विद्यार्थीलाई प्रोत्साहन गरिनेछ।

१७. अंग्रेजी, गणित र विज्ञान विषयको सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालयलाई प्रोत्साहन गरिनेछ।

१८. वार्षिक परीक्षा समाप्ति पश्चात विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण कार्यक्रम संचालन गरी विद्यालय तथा विद्यार्थीलाई पुरस्कारको व्यवस्था मिलाइनेछ।

१९. विद्यालय अनुगमन कार्यलाई प्रभावकारी वनाउन सुचकसहित कार्ययोजना निर्माण गरी अनुगमन कार्य गरिनेछ।

२०. विद्यालयमा शिक्षक रिक्तता हुने अवस्था सिर्जना हुन नदिन तहगत रुपमा बनाइएको शिक्षक वैंकलाई अद्यावधिक गरिनेछ।

२१. दिगो विकासको लक्ष्य नं ४ प्राप्तिको लागि हरतरहले प्रयास गरिनेछ।

२२. विद्यालयमा भौतिक संरचना निर्माण गर्दा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री वनाइदै लगिनेछ।

२३. परम्परागत ज्ञान, सीप र संस्कृतीको जगेर्ना गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

२४. स्वेच्छिक शिक्षक तथा विद्यालय कर्मचारी अवकाश कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२५. उपाध्यक्षसंग शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६. गाउँपालिकाको क्षेत्रभित्रका प्राकृतिक स्रोत तथा सम्पदाहरु लगायत विषयहरुमा अध्ययन अनुसन्धान गर्ने गाउँपालिकाका विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ।

२७. मदाने गाउँपालिका भित्रका सरकारी छात्रवृत्ति नपाएका MBBS अध्यनरत विद्यार्थीलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८. कक्षा ११ र १२ मा अध्यनरत छात्र-छात्राहरुलाई निःशुल्क अध्ययनको व्यवस्थालाई निरन्तरता दिइनेछ। साथै जनज्योति क्याम्पससँगको सहकार्यमा सबै विद्यार्थीहरुलाई निःशुल्क पठनपाठनको व्यवस्थाको लागि छोरी बुहारी उच्च शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२९. Talent Hunt कार्यक्रम सञ्चालन गरी मदाने गाउँपालिकाभित्र लुकेर रहेको प्रतिभालाई प्रष्फुटन गर्न प्रोत्साहन गरिनेछ।

३०. सबै सामुदायिक विद्यालयहरुलाई ICT सँग जोड्नका लागि सम्पूर्ण विद्यालयहरुमा क्रमश एक विद्यालय एक ल्यापटप कार्यक्रम सञ्चालन गरिनेछ।

३१. विद्यार्थीहरुलाई खेलकुदमा संलग्न गरी खेलकुदको विकास गर्न कक्षा १-५ सञ्चालन गरेका विद्यालयहरुमा न्यूनतम खेलकुद सामाग्रीको व्यवस्थापन गरिनेछ।

३२. गाउँपालिकाभित्रका नागरिकहरुलाई विभिन्न विषयवस्तुहरुको अध्ययन गर्न सहजताका लागि गाउँपालिकास्तरीय खुला पुस्तकालय स्थापना तथा सञ्चालनमा निरन्तरता दिइनेछ।

३३. विद्यालयहरुको गुणस्तर सुधार गर्नका लागि क्रमश कक्षाहरुलाई स्मार्ट बनाइदै लगिने नीति लिइनेछ।

३४. शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिहरुको अन्तर्क्रिया कार्यक्रम संचालनको व्यवस्था मिलाई शैक्षिक गुणस्तरमा जोड दिइनेछ।

३५. सुनौ र सुनाऔं भन्ने कार्यक्रम संचालन गरी विद्यार्थीमा नेतृत्व सिपको भावनाको विकास गरिनेछ।

३६. संस्कार सहितको शिक्षामा जोड दिन विद्यार्थी, शिक्षक र अभिभावकलाई उत्प्रेरित गरिनेछ।

३७. सिकाइ उपलब्धी वढोत्तरी गर्न विद्यार्थीहरुको सिकाइ स्तर पहिचान गरी सोही अनुसार शिक्षणको व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

३८. विद्यालयहरुको अनुगमन कार्य र अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक दरवन्दी अभावमा शिक्षण सिकाइमा सहजता ल्याउनको लागि विद्यालय-विद्यालय र विद्यालय र पालिका विचको समन्वयलाई वढोत्तरी गर्नको लागि विद्यालयहरुमा सिसि क्यामरा क्रमश जडान गर्न आवश्यक वजेटको व्यबस्था गरिनेछ।

३९. विद्यालयहरुमा संस्कृतिको संरक्षणको लागि शिक्षक तथा विद्यार्थीहरुको क्षमता विकास गर्न वाद्यवादन सहितको कक्षाकोठा निर्माण गरी विद्यार्थी र शिक्षकहरुको क्षमता विकासको आवश्यक वजेटको व्यवस्था गरिनेछ।

४०. प्रारम्भिक बाल विकास सहजकर्ताहरुको क्षमता विकासका लागि पुनर्ताजगी तालिम संचालनको लागि व्यवस्था मिलाईनेछ।

४१. सबै शिक्षकहरुलाई आई.टि.मा क्षमता विकासको लागि तालिम संचालनको व्यवस्था मिलाईनेछ।

४२. संस्कृत शिक्षा पढ्न चाहने विद्यार्थीहरुको लागि पालिकाभित्रै पठन पाठ्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

**ख. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. पालिकाभित्र संचालन हुने विभिन्न खेलकुदहरुको विकासको लागि खेलकुद विकास समिति गठन गरिनेछ। सोही समितिमार्फत विभिन्न किसिमका खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ।

२. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ। गाउँपालिकास्तरमा निर्माणाधिन कभर्ड हल आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ।

३. खेलकुद क्षेत्रको विकास गरी खेलाडीहरु उत्पादन गर्न आवश्यक खेलकुदहरु सञ्चालनका साथै खेलकुद सामग्रीहरु खरिद तथा वितरण गर्ने नीति लिइनेछ।

४. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

५. युवाहरुमा देखिएको आत्महत्याजस्ता विषयहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. "विदेश हैन बिजनेस" भन्ने भावनाका साथ वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाबाट प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

७. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, हेयर कटिङ्ग, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरिबी न्यूनिकरण र जीविकोपार्जनमा सहजीकरण गरिनेछ।

९. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ। गाउँपालिकाभित्रका राष्ट्रिय खेलाडीहरुलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. क्रिकेट, भलिवल र फुटवल खेलप्रति विद्यार्थीहरुको क्षमता प्रस्फुटन गर्दै लगिनेछ। क्रिकेट खेल खेल्ने विद्यार्थीहरुको एक टिमलाई वुटवलमा निर्माणाधिन रहेको एक्स्ट्राटेक अन्तराष्ट्रिय खेल मैदानमा खेलमा सहभागी वनाइ अनुभव आदान प्रदानको अवसर प्रदान गरिनेछ।

**ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. सवै प्रकारका विभेदमुक्त वडा र पालिका घोषणा गर्ने अभियान संचालन गरिनेछ।

२. वालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणका लागि यसका सूचकहरुमा काम गरी सम्पूर्ण मापदण्ड पुरा गरी वालमैत्री स्थानीय शासन घोषणा गरिनेछ। गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने कार्य क्रमश अगाडी बढाइनेछ।

३. समाजमा हुने अपराधिक क्रियाकलाहरुमा कमी ल्याउनको लागि इलाका प्रहरी कार्यालयसँग सहकार्य र समन्वय गरी समुदायसँग प्रहरी साझेदारी कार्यक्रम संचालन गरिनेछ।

४. समाजमा रहेका सामाजिक विभेदहरु छुवाछुत सामाजिक कुरिती अन्धविश्वास लैङ्गिक विभेद र हिंसाका घटनाहरु कमी गर्नका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ, यस्ता घटनाहरु कमी गर्नका लागि लैंगिक सामाजिक समावेशीकरण तथा सामादायिक स्वास्थ्य मार्फत कार्यक्रम संचालन व्यवस्था गरिनेछ।

५. स्थानीय तहबाट गठन हुने समिति उपसमितिहरु कार्यदल गठन गर्दा पूर्ण रुपमा कानुनमा निर्दिष्ट गरेको समानुपातिक समावेशीता अनिर्वाय रुपमा कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

६. सामाजिक सुरक्षा तथा संरक्षणको लागि स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार भएको कानुनी व्यवस्था बमोजिम जेष्ठ नागरिक आश्रय स्थल सार्वजनिक स्थलहरुमा गाउँपालिका भवन वडा कार्यालय स्वास्थ्य चौकी विद्यालयहरु समेत क्रमश स्तनपान कक्षको स्थापनाको लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ।

७. घरेलु हिंसा अन्त्यको लागि मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा परेका उजुरीहरुलाई तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ। साथै घरेलु हिंसामा परेका महिलाहरुको उद्धार तथा व्यवस्थापनको लागि लैङ्गिक हिंसा निवारण कोषमा आवश्यक वजेटको व्यवस्था मिलाईनेछ।

८. मदाने गाउँपालिकालाई लैङ्गिक हिंसा मुक्त बनाउन जातीय विभेद र छुवाछुत अन्त्य गर्न, वालश्रम निर्मुल गर्न, सु-संस्कृती तथा सामाजिक सद्भाभाव कायम गरि लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका लागि गाउँपालिकाबाट आवश्यक वजेटको व्यवस्था गरिनेछ।

९. ***"विपन्न नागरिकसँग अध्यक्ष कार्यक्रम"*** सञ्चालन गरी गाउँपालिकामा रहेका विपन्न, असहाय, अति गरिब नागरिकहरुलाई प्रत्यक्ष लाभान्विन हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१०.समाजमा व्याप्त कुरिती, कुसंस्कार, रुढीवादी र सामाजिक विकृति विरुद्धका कार्यक्रमहरु ल्याईनेछ, बालश्रम, बालविवाह, बहुविवाह, दाईजो, बोक्सी जस्ता कु-प्रथा रोकथामका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ।

११. दलित वर्गको, जनजातिहरुको आर्थिक र सामाजिक सशक्तिकरणको लागि गाउँपालिकाबाट आवश्यक बजेट विनियोजित गरी ठोस कार्य र योजना बनाई कार्यान्वयन गरिनेछ।

१२. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति,जेष्ठ नागरिकको जीवनमा रुपान्तरणका लागि सामाजिक तथा आर्थिक कार्यक्रमहरुमा रकम विनियोजन गरिनेछ।

१३. स्थानिय वातारण ऐनमा भएको व्यवस्था वमोजिम मदाने गाउँपालिकाका वडाहरुलाई स्थानिय शासनका पूर्वधार पुरा गरि वातावरणमैत्री वडा घोषणा गर्दै लगिनेछ।

१४. नेपाल सरकार संवत् २०८७ सम्म दिगो विकासका लक्ष्य प्राप्ती गर्ने लक्ष्य बमोजिम गाउँपालिकाको विकासको आयामलाई दिगो विकास प्राप्त हुने गरी योजनाहरु कार्यान्वयन गरिनेछ, दिगो विकास र पर्यावरणीय सन्तुलनलाई उच्च महत्व दिइनेछ। विकास निर्माण कार्यलाई सहभागितामूलक र दिगो वनाइनेछ ।

१५. महिला र वञ्चितिकरणमा परेका समुदायलाई लोकसेवा तथा शिक्षक सेवा कक्षा संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१६. महिला विकासका लागि भएका बेइजिङ्ग घोषणापत्रका १२ वटा प्रतिवद्धरुबारेमा कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमूखिकरण तालिम संचालन गरिनेछ।महिला विकासका लागि भएका बेइजिङ्ग घोषणापत्रका १२ वटा प्रतिवद्धताहरुको क्षेत्रमा कार्यक्रमगत बजेटको व्यवस्था गरिनेछ।

१७. संयुक्त राष्ट्रसंघिय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिवद्धता कार्यान्यिन गर्न कार्यक्रमगत वजेटको व्यवस्था गरिनेछ।

१८. संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदबाट पारित प्रस्ताव १३२५ र १८२० को कार्यान्यिनका लागि वजेटको व्यवस्था गरिनेछ।

१९. लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गदै नेतृत्व विकासमा जोड दिइनेछ। शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन सुधार सामाजिक सुरक्षा, पुर्वाधार पहुचँ, लगायतका विषयमा महिला लक्षित कार्यक्रम संञ्चालन गरिनेछ।

२०. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२१. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

२२. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

२३. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

२४. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२५. गाउँपालिका भित्रका ४५ वर्ष माथिका एकल पुरुष तथा ४० वर्ष माथिका एकल महिलालाई भत्ता प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ।

२६. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।

२७. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

२८. गाउँपालिकाका वडाहरुमध्ये समयमा काम सम्पन्न गरी भुक्तानी गर्ने वडा कार्यालयलाई पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिइनेछ।

२९. समाजमा रहेका सामाजिक विभेदहरु, छुवाछुत, सामाजिक कुरिति, लागुऔषध दुर्व्यसनी, बाल विवाह, बहुविवाह, दाइजो, बोक्सी, अन्धविश्वास, लैगिक विभेद र हिंसाका घटनाहरु कमी गर्नका लागि प्रहरी कार्यलयसँग समन्वय र सहकार्य गरि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३०. गरिब अल्पसंख्यक नागरिकलाई निश्चित मापदण्डका आधारमा जटिल प्रकृतिका रोगहरुको उपचारको लागि आर्थिक सहायता उपलब्ध गराइनेछ।

**घ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको अस्पताललाई आगामी वर्षमा निर्माण सम्पन्न गरी सुविधासम्पन्न अस्पतालबाट सेवा प्रवाहको व्यवस्थालाई प्रयास गरिनेछ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध गरिदै लगिनेछ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ। साथै बालविवाह न्यूनिकरण तथा किशोर किशोरी स्वास्थ्यको लागि आवस्यक व्याव्था गरिनेछ ।

४. गाउँपालिका भित्रका असक्त, असहाय तथा ८० वर्ष माथीका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य पहुँच कार्यक्रम लागु गर्न स्वास्थ्य कर्मीहरुवाट Home visit को व्यवस्थालाई निरन्तरता दिईनेछ ।

५. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ। बहुमुल्य जडीबुटीहरुको खोज गरी ती जडीबुटीहरुलाई प्रयोग योग्य बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

६. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। महिला स्वास्थ्य सेविका दिवस पालिका स्तरमा मनाउने र महिला स्वास्थ्य सेविकालाई मनोवल उच्च वनाउन प्रोत्सानरकम वृद्धि गरिनेछ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

८. स्वास्थ्य क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन तथा अनुगमन गरिनेछ।

९. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने नीति लिइनेछ।

१०. गर्भवति र सुत्केरी महिलाहरुलाई स्थानीय सरकारबाट दिइने सुविधा एकिकृत गरि सेवा प्रदान गरिने नीति अवलम्बन गरिनेछ।

११. यस गाउँपालिकामा नेपाल सरकारले निःशुल्क वितरणको लागि तोकेका औषधीहरु साथै नसर्ने रोगहरुका औषधीहरु निःशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ

१२. यस गाउँपालिकामा रहेका बर्थिङ्ग सेन्टरहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ। साथै सामुदायिक स्वास्थ्य इकाइहरु औचित्य र आवश्यकताको आधारमा प्रभावकारी रुपमा संचालन गर्ने नीति लिईनेछ।

१३. यस गाउँपालिकामा बाल मृत्युदर न्यूनिकरण र मातृ स्वास्थ्य सुधारका लागि आवश्यक कार्यक्रमहरुको व्यवस्था गरिनेछ।

१४. स्वास्थ्य चौकी रेकर्डिङ्ग र रिपोटीङ्गलाई EHMIS पद्धतिवाट संचालन गर्ने व्यवस्था गरिनेछ ।

१५. हाल संचालनमा रहेको एम्बुलेन्स व्यवस्थित रुपमा संचालन गरी नयाँ एम्बुलेन्स प्राप्तिका लागि विभिन्न निकायरहरुसँग समन्वय गरिनेछ ।

१६. पालिकास्तरिय आयुर्वेदिक स्वास्थ्य केन्द्र र नागरिक आरोग्य केन्द्र सम्बन्धित निकायसँग माग गरिनेछ र सोको संचालनको लागि आवस्यक वजेट व्यवस्था गरिनेछ।

१७. महामारीजन्य रोगहरु तथा आकस्मिक रुपमा देखा पर्ने रोगहरुको नियन्त्रण र रोकथामका लागि आवश्यक पहल तथा उपायहरु अवलम्बन गरिनेछ।

१८. गाउँपालिका भित्र रहेका एचआइभी एड्स तथा क्षयरोगका विरामीहरुको स्वास्थ्य परिक्षणको लागि आवश्यक व्यवस्था गरि पोषण तथा यातायात खर्चको व्यवस्थापन गरिनेछ

१९. सबै स्वास्थ्य संस्थाहरुलाई बालमैत्री, अपाङ्गमैत्री र किशोर किशोरीमैत्री बनाई पूर्ण पोषणमैत्री,पूर्ण संस्थागत सुत्केरी,पूर्ण खोप सुनिस्चितता तथा दिगोपना युक्त पालिका निरन्तरताको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ। वहुक्षेत्रीय पोषण अवधारणालाई अवलम्वन गरिनेछ।

२०. गाउँपालिका भित्रका आम नागरिकमा सकारात्मक सोचको विकास गरि स्वास्थ्य अवस्थाको सुधारको लागि आवश्यक शिविर कार्यक्रम तथा योगाभ्यासका कार्यक्रममा विद्यालयलाई समेत समेटी कार्यक्रम संचालन गरिनेछ।

२१. हेल्थ हट मर्मत तथा फनिर्चर व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ।

२२. स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई निःशुल्क यातायातको व्यवस्था गरिनेछ । साथै रिफर भई जानेलाई निन्तरता दिईनेछ।

२३. स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थाको गुणस्तर सुधारको लागि स्वास्थ्य कर्मि र महिला स्वास्थ्य स्वयं सेविकाहरुको दक्षता विकासको लागि स्वास्थ्य क्षेत्रको अध्ययन भ्रमणको व्यवस्था गरिनेछ। सेवा निवृत्त महिला स्वास्थ्य स्वयं सेविकाहरुको लागि सम्मानजनक विदाइको व्यवस्था मिलाइनेछ।

२४. स्वास्थ्य कर्मिको काममा गुणस्तर सुधारका लागि DHIS-२,eLMIS,EHMIS तालिमको लागि वजेट व्यावस्था गरिनेछ।

२५. विश्वमा फैलिदै गएको नसर्ने रोग तथा मानसिक रोगको न्यूनिकरण अभियानलाइ निरन्तरता दिइनेछ।

२६. आँखा उपचार केन्द्रको सेवालाई निरन्तरता दिईनेछ।

**सभाका सदस्यहरु**

**४. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

**५. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. घरेलु हिंसा अन्त्यको लागि मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा परेका उजुरीहरुलाई तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. मेलमिलापकर्ताको पुर्नताजगी तालिम संचालन गरि मेलमिलापकर्ताको क्षमता अभिवृद्धी तथा सुचिकृत गर्ने कार्य गरिनेछ।

**६. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकाभित्र रहेका स्रोत साधन सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था समावेश स्थानीय तह पार्क चित्र (Digital LG Profile) प्रयोगमा ल्याईनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

३. प्रत्येक महिनाको आय व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने व्यवस्था मिलाईनेछ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागजविहीन बनाउन विद्युतीय प्रणालीलाई जोड दिइनेछ।

८. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्द्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काजजस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ। आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइने निति लिईनेछ।

९. प्रचलित कानुन बमोजिम गाउँपालिकाले पारदर्शिता, जवाफदेहिता, सदाचारका लागि सार्वजनिक सुनुवाई सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, लैङगिक उत्तरदायी बजेट एवम समावेसी वजेट परिक्षण, आदि जवाफदेहिता लाई कार्यान्वयनमा ल्याइनेछ।

१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।

११. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१२. विषयगत समितिका कार्यहरुलाई जिम्मेवार जवाफदेहि र उत्तरदायी वनाइ सेवाग्राहीको चापलाई मध्य नजर गर्दै सेवा प्रवाहलाई निष्पक्ष एवम पारदर्शी वनाउन टोकन प्रणाली लागु गर्ने निति लिइनेछ।

## ७. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा गरिने निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२. मदाने गाउँपालिकाका सम्पूर्ण वडाका सम्पूर्ण नागरिकहरुको घर-घरमा पानी पुऱ्याउन एक घर एक धारा निर्माण गरी क्रमश सम्पूर्ण वडाहरुलाई एक घर एक धारायुक्त वडा घोषणा गर्दै लगिनेछ। जसका लागि वास प्लान निर्माण गरी आगामी वर्षदेखि कार्यान्वयनमा लगिनेछ।

३. संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याइनेछ। सतही पानीका स्रोतहरुलाई संरक्षण तथा उपयोगमा प्राथमिकता दिइनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ।

६. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई निरन्तरता दिदै अभियानका रुपमा अगाडी बढाइनेछ।

### ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. मदाने गाउँपालिकाको क्षेत्रभित्र पर्ने खोलाहरुमा रहेको नदिजन्य पदार्थको उत्खननका लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरी व्यवस्थित रुपमा उत्खनन गरिने नीति लिइनेछ।

३. प्लाष्टिकजन्य सामाग्रीहरुको प्रयोगलाई निरुत्साहित गर्न स्थानीय कच्चापदार्थबाट सामाग्रीहरु निर्माण र प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

४. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

५. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ।

६. विपद्बाट हुने क्षतिलाई कम गर्नका लागि विपद् राहत उद्वार सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी नेपाल प्रहरीसँग साझेदारीमा उद्वार कार्यक्रमहरु संचालन गरिनेछ।

७. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

९. मदाने गाउँपालिकाका सबै बजारक्षेत्र, स्वास्थ्य संस्था लगायतका अन्य महत्त्वपूर्ण स्थानहरूमा सडक बत्तिको जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारसंग परामर्श, समन्वय र साझेदारी गरिनेछ।

२. मदाने गाउँपालिकाको विकासका लागि संघ, प्रदेश र स्थानीय तह बिचको सहकार्य र समन्वयलाई उच्च प्राथमिकता दिइनेछ। संघ, प्रदेश र स्थानीय तह बिच हुने समपुरक अनुदान, विशेष अनुदान र साझेदारी कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

**सभाका सदस्यहरु**

**अनुसूचीः आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू**

**भौतिक पूर्वाधार विकास**

१. प्रशासकीय भवन निर्माण।
२. १५ शैया अस्पताल निर्माण।
३. रिपुरेखोला पुल निर्माण।
४. पंचमीपोखरी-शैरे-भोटमारा-अग्लुङ्गफेदी सडक स्तरोन्नती।

**आर्थिक विकास**

१. एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना योजना।
२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम।
३. साना सिँचाई प्रवर्द्धन कार्यक्रम।

**सामाजिक विकास**

१. गाउँपालिकास्तरीय कभर्डहल निर्माण।
२. जनसेवा आ.वि. भवन निर्माण
३. बाँझकटेरी मेघगंगा मा.वि. पूर्वाधार निर्माण।
४. म्यालपोखरी मा.वि. पूर्वाधार निर्माण।
५. प्रविधिमैत्री शिक्षा योजना।
६. ग्वारीखोला बृहत खानेपानी योजना निर्माण।

**वन, वातावरण तथा जलवायु परिवर्तन**

१. ल्याण्डफिल साइट निर्माण।
२. पानी भरण पोखरीहरूको निर्माण।

**सुशासन तथा संस्थागत विकास**

१. सस्थागत स्व-मूल्यांकन।
२. घुम्ती सेवा।
३. सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण।
४. पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि।
५. नमूना ऐन, नियम, कार्यविधि र मापदण्डहरू ।

**अन्त्यमा,**

***"समुन्नत मदाने, सम्मानित मदानेबासी"*** हामी सबैको चाहना हो। यस चाहनालाई साकार पार्न गाउँपालिका परिवार, राजनैतिक दल, स्थानीय जनसमुदाय, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, शिक्षक, विद्यार्थी, सुरक्षा निकाय, उपभोक्ता समिती, आमा समुह, युवा क्लबहरु आदि सबैको सहयोग, सहकार्य र सहभागिताको महत्वपूर्ण भूमिकाको अपेक्षा गरेको छु।